E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं, नेपाल।

पत्र संख्या :- ०८१/८०
च.नं.

मिति: २०७९/०९/१०

# प्रेस विज्ञप्ति

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री माननीय जीवनराम श्रेष्ठ समक्ष मिति २०७९/०९/०८ मा तारागाउँ विकास समिति मार्फत नेपाल सरकारको लगानी तथा प्रतिफलको अध्ययन, अनुसन्धान, छानविन तथा सुझाव दिन गठित कार्यदलले प्रतिवेदन पेश गरेको छ । उक्त कार्यदल सहसचिव होमप्रसाद लुंइटेलको संयोजकत्वमा नेपाल सरकार (मन्त्रीस्तरीय) निर्णयबाट मिति ०७८/११/२९ मा गठन भएको थियो ।

कार्यदलले तारागाउँ विकास समितिमार्फत नेपाल सरकारले गरेको लगानी अनुरुपको प्रतिफलको अवस्था, शेयर दायित्वको अवस्था, तारागाउँ रिजेन्सी होटलको लगानीको अवस्था, विकास समितिको नाममा रहेको जग्गा जमिनको अवस्था समेतका विषयमा अध्ययन एवम् छानविन गरी प्रतिवेदनमा समावेश गरेको छ ।

कार्यदलले उपरोक्त विभिन्न पक्षमा भएका काम कारवाही प्रचलित कानुन विपरित र नेपाल सरकारलाई हानी नोक्सानी पुर्याउने प्रकृतिको भएको औंल्याएको छ ।

कार्यदलले पेश गरेको प्रतिवेदन विस्तृत अध्ययन गरी आवश्यक कारवाही प्रकृया अघि बढाउन माननीय मन्त्रीज्यूबाट निर्देशन भएकोले यसै अनुसार मन्त्रालयले प्रतिवेदन अध्ययन गरी आवश्यक प्रकृया अघि बढाउने व्यहोरा सवैको जानकारीका लागि अनुरोध छ ।

राजेन्द्र कुमार केसी
प्रवक्ता एवम् सहसचिव